सुन्नुहोस् र a–h बाट छनोट गर्नुहोस्।

©The Japan Foundation

2 会話を聞きましょう。
संवादहरू सुन्नुहोस्।

► いろいろな場面で、飲み物をすすめられています。
मान्छेहरूलाई विभिन्न दृश्यहरूमा ड्रिन्क्स सिफारिस गरिएको छ।

(1) どの飲み物について話していますか。飲み物の名前を 1 から選んでメモしましょう。
तिनीहरू कुन ड्रिन्क्सको बारेमा कुरा गरिरहेका छन्? 1 बाट ड्रिन्क्सहरू छनोट गर्नुहोस् र नोट टिप्नुहोस्।

(2) もういちど聞きましょう。その飲み物を飲むか飲まないか、□にチェック ✔ をつけましょう。
फेरि संवादहरू सुन्नुहोस्। त्यो व्यक्तिले उक्त ड्रिन्कस पिउँछन् वा पिउँदैनन्? बक्समा टिक चिन्ह लगाउनुहोस्।

飲みますか?
के तपाईं ～ पिउन चाहनुहुन्छ?

① 05-20

職場で
कार्यस्थलमा

(1)		
(2)	□ 飲みます	□ 飲みません

② 05-21

居酒屋で
इजाकाया (जापानी बार)



(1)		
(2)	□ 飲みます	□ 飲みません

③ 05-22

職場で
कार्यस्थलमा

(1)		
(2)	□ 飲みます	□ 飲みません

④ 05-23

公園で
पार्कमा



(1)		
(2)	□ 飲みます	□ 飲みません

©The Japan Foundation

形(かたち)に注目(ちゅうもく)

（1）音声(おんせい)を聞(き)いて、＿＿＿＿＿にことばを書(か)きましょう。 05-24 05-25 05-26
रेकर्डिङ सुनी खाली ठाउँ भर्नुहोस्।

お茶(ちゃ)、＿＿＿＿＿＿＿＿か？

お酒(さけ)、＿＿＿＿＿＿？

何(なに)、＿＿＿＿＿＿＿＿か？

何(なに)、＿＿＿＿＿＿？

> ! 飲(の)むものをたずねるとき、どう言(い)っていましたか。 ➡ 文法(ぶんぽう)ノート❸
> वक्ताहरूले ड्रिन्क्सको बारेमा प्रश्न सोध्ने बेला कुन अभिव्यक्ति प्रयोग गरे?

お茶(ちゃ)、飲(の)みますか？

はい、＿＿＿＿＿＿＿＿＿＿＿＿。

いえ、＿＿＿＿＿＿＿＿＿＿＿＿。

> ! 飲(の)むとき、どう答(こた)えましたか。断(ことわ)るとき、どう答(こた)えましたか。 ➡ 文法(ぶんぽう)ノート❸
> तिनीहरूले पिउन चाहेको बेला कसरी उत्तर दिए? तिनीहरूले पिउन नचाहेको बेला कसरी उत्तर दिए?

A：何(なに)、飲(の)みますか？

B：じゃあ、ビール、＿＿＿＿＿＿＿＿＿＿＿＿。

> ! 飲(の)みたいものを言(い)うとき、どう答(こた)えましたか。 ➡ 文法(ぶんぽう)ノート❸
> तिनीहरूले आफूले पिउन चाहेको कुरा छनोट गर्ने बेला कसरी उत्तर दिए?

（2）形(かたち)に注目(ちゅうもく)して、会話(かいわ)をもういちど聞(き)きましょう。 05-20 ～ 05-23
प्रयोग भएका अभिव्यक्तिमा केन्द्रित रही फेरि संवादहरू सुन्नुहोस्।

©The Japan Foundation

3　飲み物をすすめられたとき、答えましょう。

तपाईंलाई ड्रिन्क्स पिउन सोधिएको बेला प्रतिक्रिया दिनुहोस्।

①

お茶、飲みますか？

はい、お願いします。

いいえ、けっこうです。

②

何、飲みますか？

じゃあ、コーヒー、お願いします。

（1）会話を聞きましょう。　05-27　05-28 ／ 05-29

संवादहरू सुन्नुहोस्।

（2）シャドーイングしましょう。　05-27　05-28 ／ 05-29

संवादहरू स्याडोइङ गर्नुहोस्।

（3）飲み物をすすめたり、すすめられたりするロールプレイをしましょう。

तपाईं कसैलाई ड्रिन्क्स पिउन सोधिरहनुभएको छ र तपाईंलाई कसैले ड्रिन्क्स पिउन सोधिरहेको छ भन्नेबारे रोलप्ले गर्नुहोस्।

©The Japan Foundation

4. 朝(あさ)ご飯(はん)は、あまり食(た)べません

can-do 19
朝(あさ)ご飯(はん)に何(なに)を食(た)べるか質問(しつもん)したり、質問(しつもん)に答(こた)えたりすることができる。
तपाईंले बिहानको खानामा खाने कुराहरूबारे प्रश्नहरू सोध्न र उत्तर दिन सक्नुहुन्छ।

1 ことばの準備(じゅんび)

शब्दहरूको तयारी गर्नुहोस्।

【朝(あさ)ご飯(はん) बिहानको खाना】

a. ご飯(はん)

b. パン



c. 卵(たまご)



d. ヨーグルト



e. シリアル



f. 果物(くだもの)



g. サラダ



h. みそ汁(しる)



i. スープ



j. 牛乳(ぎゅうにゅう)

k. トマトジュース



l. オレンジジュース

m. りんごジュース

（1） 絵(え)を見(み)ながら聞(き)きましょう。 05-30
चित्रहरू हेर्दै सुन्नुहोस्।

（2） 聞(き)いて言(い)いましょう。 05-30
सुन्नुहोस् र शब्दहरू दोहोर्‍याएर भन्नुहोस्।

（3） 聞(き)いて、a-m から選(えら)びましょう。 05-31
सुन्नुहोस् र a–m बाट छनोट गर्नुहोस्।

©The Japan Foundation

2 会話を聞きましょう。

संवादहरू सुन्नुहोस्।

► ステーシーさん、アミラさん、マークさん、松田さんの4人が、昼休みに話しています。
स्टेसी-सान, अमिरा-सान, मार्क-सान र माचुदा-सान दिउँसोको खाना खाने ब्रेकमा कुरा गरिरहेका छन्।

（１）はじめに、スクリプトを見ないで会話を聞きましょう。 05-32
4人は、朝ご飯に何を食べますか。何を飲みますか。メモしましょう。言っていないときは、「—」を書きましょう。
सुरुमा स्क्रिप्ट नहेरी संवादहरू सुन्नुहोस्। तिनीहरू बिहानको खानामा के खान्छन्? तिनीहरू के पिउँछन्? नोट टिप्नुहोस्। जानकारी नदिइएको खण्डमा "—" लेख्नुहोस्।

	ステーシーさん	アミラさん	マークさん	松田さん
食べます（食べる） 				
飲みます（飲む）				

©The Japan Foundation

（2）スクリプトを見(み)ながら聞(き)きましょう。 05-32

फेरि संवादहरू सुन्नुहोस्। यस पटक स्क्रिप्ट हेर्दै सुन्नुहोस्।

アミラ：朝(あさ)ご飯(はん)、いつも、何(なに)、食(た)べますか？
ステーシーさんは？

ステーシー：私(わたし)は、シリアルを食(た)べます。果物(くだもの)も食(た)べます。

松田(まつだ)：へー。アミラさんは？

アミラ：えーと、私(わたし)は、パンと、卵(たまご)と、ヨーグルトをよく食(た)べます。

松田(まつだ)：マークさんは？

マーク：あー、私(わたし)は、朝(あさ)ご飯(はん)は、あまり食(た)べません。牛乳(ぎゅうにゅう)を飲(の)みます。
松田(まつだ)さんは？

松田(まつだ)：私(わたし)も、食(た)べないです。水(みず)を飲(の)みます。

ステーシー・アミラ：え〜！

朝(あさ)ご飯(はん) बिहानको खाना | いつも सधैँ | よく धेरैजसो | あまり बिरलै

え〜！ हजुर? （驚(おどろ)いたことを表(あらわ)す आश्चर्य व्यक्त गर्दा）

©The Japan Foundation

形に注目

（１）音声を聞いて、＿＿＿＿＿にことばを書きましょう。 05-33 05-34
रेकर्डिङ सुनी खाली ठाउँ भर्नुहोस्।

朝ご飯、いつも、何、食べますか？
私は、シリアル＿＿＿食べます。
牛乳＿＿＿飲みます。
私は、朝ご飯は、あまり食べ＿＿＿＿＿＿。
私も、食べ＿＿＿＿＿＿＿＿。

! 食べるもの、飲むものを言うとき、どんな助詞を使っていましたか。 ➡ 文法ノート❹
वक्ताहरूले खाने र पिउने कुराहरूबारे कुरा गर्दा कुन अव्ययको प्रयोग गरेका थिए?

! 食べないことを言うとき、どう言っていましたか。 ➡ 文法ノート❺
तिनीहरूले बिहानको खाना नखाने कुरा भन्ने बेला कुन अभिव्यक्तिको प्रयोग गरेका थिए?

朝ご飯、＿＿＿＿＿＿＿＿、何、食べますか？
私は、パンと、卵と、ヨーグルトを＿＿＿＿＿＿食べます。
朝ご飯は、＿＿＿＿＿＿＿＿食べません。

! 頻度を言うとき、どんなことばを使っていましたか。 ➡ 文法ノート❻
तिनीहरूले कुनै कुरा कतिको अन्तरालमा गर्छन् भन्ने कुरा व्यक्त गर्ने बेला कुन शब्दहरूको प्रयोग गरेका थिए?

（２）形に注目して、会話をもういちど聞きましょう。 05-32
प्रयोग भएका अभिव्यक्तिमा केन्द्रित रही फेरि संवादहरू सुन्नुहोस्।

©The Japan Foundation

3 朝ご飯について話しましょう。

बिहानको खानाको बारेमा कुरा गर्नुहोस्।

朝ご飯、いつも、何、食べますか？

パンと卵 を食べます。
牛乳 を飲みます。

シリアル をよく食べます。

朝ご飯は、あまり食べません。

（１）会話を聞きましょう。 05-35

संवादहरू सुन्नुहोस्।

（２）シャドーイングしましょう。 05-35

संवादहरू स्याडोइङ गर्नुहोस्।

（３）朝ご飯に何を食べるか、お互いに聞きましょう。

तपाईं बिहानको खानामा के खानुहुन्छ? एकअर्कालाई सोध्नुहोस्।

©The Japan Foundation

5. 今日(きょう)の朝(あさ)ご飯(はん)

can-do 20

食事(しょくじ)の写真(しゃしん)に簡単(かんたん)な説明(せつめい)をつけて、SNS(エスエヌエス)に投稿(とうこう)することができる。

तपाईँले खानेकुराको फोटोबारे सामान्य व्याख्या (जानकारी) लेख्न र त्यसलाई सामाजिक सञ्जालमा पोस्ट गर्न सक्नुहुन्छ।

1 SNS(エスエヌエス)に投稿(とうこう)しましょう。

एउटा सामाजिक सञ्जाल पोस्ट बनाउनुहोस्।

► SNS(エスエヌエス)に自分(じぶん)の朝(あさ)ご飯(はん)の写真(しゃしん)を投稿(とうこう)します。

तपाईं सामाजिक सञ्जालमा बिहानको खानाको फोटो पोस्ट गर्दै हुनुहुन्छ।

（1）例(れい)を読(よ)みましょう。

उदाहरण पढ्नुहोस्।

（例(れい) उदाहरण ）

大切(たいせつ)なことば

今日(きょう) आज ｜ いただきます भोजन ग्रहण गरौं। (खानुभन्दा पहिले भनिने विनम्र अभिव्यक्ति)

©The Japan Foundation

（２）自分の朝ご飯を投稿しましょう。

तपाईंको बिहानको खानाबारे एउटा पोस्ट बनाउनुहोस्।

2 ほかの人の投稿を見てみましょう。

अरूको पोस्टहरू हेर्नुहोस्।

©The Japan Foundation

聴解(ちょうかい)スクリプト

1. 魚(さかな)、好(す)きですか？

① 05-01

佐々木(ささき)：カムラーさん、魚(さかな)、好(す)きですか？
カムラー：はい、好(す)きです。
佐々木(ささき)：肉(にく)は？
カムラー：肉(にく)も好(す)きです。

---

② 05-02

佐々木(ささき)：マリさんは、魚(さかな)、好(す)きですか？
マリ：はい、好(す)きです。
佐々木(ささき)：肉(にく)は？
マリ：肉(にく)は好(す)きじゃないです。

---

③ 05-03

佐々木(ささき)：ルイスさんは？
ルイス：魚(さかな)は好(す)きじゃないです。肉(にく)と野菜(やさい)が好(す)きです。

---

④ 05-04

ルイス：佐々木(ささき)さんは？
佐々木(ささき)：私(わたし)は魚(さかな)が好(す)きです。野菜(やさい)も好(す)きです。
ルイス：肉(にく)は？
佐々木(ささき)：肉(にく)は好(す)きじゃないです。

©The Japan Foundation

2. わさびは、ちょっと…

① 05-11

A：日本(にほん)の食(た)べ物(もの)、何(なに)が好(す)きですか？

B：私(わたし)は、うどんが好(す)きです。

A：そばは？

B：そばも好(す)きです。

② 05-12

A：日本(にほん)の食(た)べ物(もの)、何(なに)が好(す)き？

B：えーと、天(てん)ぷらが好(す)きです。

A：へー。

B：牛丼(ぎゅうどん)も、カレーも好(す)きです。

A：そう。

③ 05-13

A：日本(にほん)の食(た)べ物(もの)、何(なに)が好(す)きですか？

B：私(わたし)は、納豆(なっとう)が好(す)きです。

A：そうですか。すごい！ 梅干(うめぼ)しは？

B：あ、梅干(うめぼ)しは、ちょっと……。

④ 05-14

A：日本(にほん)の食(た)べ物(もの)、何(なに)が好(す)きですか？

B：すしが好(す)きです。

A：わさびは、だいじょうぶですか？

B：あ、わさびは、ちょっと……。

©The Japan Foundation

3. お茶(ちゃ)、飲(の)みますか？

① 05-20

A：セシルさん、お茶(ちゃ)、飲(の)みますか？

B：あ、はい、お願(ねが)いします。

A：はい、どうぞ。

B：ありがとうございます。

② 05-21

A：羅(ラ)さん、お酒(さけ)、飲(の)む？

B：いえ、けっこうです。

A：あ、そう。

B：ありがとうございます。

③ 05-22

A：イリヤスさん、何(なに)、飲(の)む？

B：じゃあ、コーヒー、お願(ねが)いします。

A：はい、コーヒー。

B：ありがとうございます。

④ 05-23

A：ルシアさん、何(なに)、飲(の)みますか？

B：じゃあ、ビール、お願(ねが)いします。

A：ビールね。どうぞ。

B：あ、どうも。

©The Japan Foundation

漢字のことば

1 読んで、意味を確認しましょう。
तलको खान्जी पढ्नुहोस् र अर्थ निश्चय गर्नुहोस्।

水	水	水	水
食べます	食べます	食べます	食べます
飲みます	飲みます	飲みます	飲みます

2 ＿＿＿の漢字に注意して読みましょう。
＿＿＿को खान्जीलाई ध्यान दिएर पढ्नुहोस्।

① A：何、飲みますか？
　B：じゃあ、水、お願いします。
② パンとヨーグルトを食べます。

3 上の＿＿＿のことばを、キーボードやスマートフォンで入力しましょう。
किबोर्डमा अथवा स्मार्टफोनमा माथिको ＿＿＿ का शब्दहरू टाइप गर्नुहोस्।

©The Japan Foundation

文法ノート

❶

Nが 好きです
Nは 好きじゃないです

肉と野菜が好きです。
मलाई मासु र तरकारी मन पर्छ।

魚は好きじゃないです。
मलाई माछा मन पर्दैन।

- यी अभिव्यक्तिहरू आफूलाई मनपर्ने र मन नपर्ने कुराहरू जनाउनको लागि प्रयोग गरिन्छ।
- 好き(な) (मलाई मन पर्छ।) ナ-विशेषण (पाठ 7 ❹ हेर्नुहोस्) हो र वाक्य बनाउनको लागि त्यसको पछाडि です थप्नुपर्छ।
- मन पर्दैन भन्नको लागि, ～です लाई ～じゃないです मा परिणत गरी, नकारात्मक वाक्य बनाइन्छ। ～じゃありません रूप पनि प्रयोग गर्न सकिन्छ।
- 肉と野菜が मा जसरी, 好き को विषयवस्तु नामको पछाडि अव्यय が थपेर जनाइन्छ। तर धेरै नकारात्मक वाक्यहरूमा प्रायः कर्महरू पहिले नै भनिसकेको हुने हुनाले, प्रायः अव्यय が, は (उदाहरण ②) मा परिणत हुन्छ।
- कसैलाई के मन पर्छ भनेर सोध्ने बेला, प्रश्नवाचक 何 (के) प्रयोग गर्नुहोस् र वाक्यको अन्त्यमा か थपेर बढ्दो तीखोपनाको स्वरमा उच्चारण गरेर भन्नुहोस् (उदाहरण ③)।

- 好き嫌いを表すときの言い方です。
- 「好き（な）」はナ形容詞（→第７課❹）で、後ろに「です」をつけて文を作ります。
- 好きじゃないことを表すときは、「～です」を「～じゃないです」に変えて否定文にします。「～じゃありません」という形もあります。
- 「好き」の対象は、「肉と野菜が」のように、名詞のあとに助詞「が」をつけて示します。ただし、否定文では、対象となるものがすでに話題になっている場合が多いので、助詞「が」は「は」に変わることが多いです（例②）。
- 何が好きかをたずねるときは、疑問詞「何」を使って、文末に「か」をつけて、上昇イントネーションで発音します（例③）。

[例] उदाहरण

► ① 私は、魚が好きです。肉は好きじゃないです。
मलाई माछा मन पर्छ। मलाई मासु मन पर्दैन।

► ② A：肉、好きですか？
तपाईंलाई मासु मन पर्छ?
B：はい、好きです。
हजुर, मलाई मासु मन पर्छ।
A：野菜は？
अनि तरकारी (सागपात)?
B：野菜は好きじゃないです。
मलाई तरकारी (सागपात) मन पर्दैन।

► ③ A：日本の食べ物、何が好きですか？
तपाईंलाई कुन जापानी खानेकुरा मन पर्छ?
B：天ぷらが好きです。
मलाई तेम्पुरा मन पर्छ।

©The Japan Foundation

◆ 好(す)きです को सारांश 「好きです」のまとめ

करण (सकारात्मक) 肯定	Nが好(す)きです	魚(さかな)が好(す)きです。 मलाई माछा मन पर्छ।
अकरण (नकारात्मक) 否定	Nは好(す)きじゃないです (Nは好(す)きじゃありません)	肉(にく)は好(す)きじゃないです。 (肉(にく)は好(す)きじゃありません。) मलाई मासु मन पर्दैन।
प्रश्न 疑問	N(は)好(す)きですか?	野菜(やさい)、好(す)きですか? तपाईँलाई तरकारी (सागपात) मन पर्छ?
	何(なに)が好(す)きですか?	日本(にほん)の食(た)べ物(もの)、何(なに)が好(す)きですか? तपाईँलाई कुन जापानी खानेकुरा मन पर्छ?

❷ N は ちょっと…

わさびは、ちょっと…。
मलाई वासाबी खासै मन पर्दैन।

- यो अभिव्यक्ति नम्र रूपमा नकारात्मक कुरा भन्नको लागि प्रयोग गरिन्छ। यस पाठमा मन पर्ने वा मन नपर्ने खानेकुराबारे प्रश्न सोधिएको बेला, कुनै कुरा खासै मन पर्दैन भन्नको लागि यस्तो अभिव्यक्ति प्रयोग गरिएको छ।
- ちょっと मूल अर्थ 少(すこ)し (अलिकति) हो। वाक्यको अन्त्यसम्म नभनी ～はちょっと… मात्र भन्नुको अर्थ केही कुरा ちょっとだめです (त्यो मलाई राम्रो हुँदैन) अथवा ちょっと苦手です (त्यो मलाई मन पर्दैन।) हो।

- 否定的なことを相手に柔らかく伝える言い方です。この課では、食べ物の好みを聞かれて、苦手だということを伝えるときに使っています。
- 「ちょっと」は、もともとは「少し」という意味です。「～はちょっと…」のように、最後まで言わないことによって、「ちょっとだめです」「ちょっと苦手です」ということを表します。

[例(れい)] उदाहरण
► A:日本(にほん)の食(た)べ物(もの)、何(なに)が好(す)きですか?
तपाईँलाई कुन जापानी खानेकुरा मन पर्छ?
B:天(てん)ぷらが好(す)きです。
मलाई तेम्पुरा मन पर्छ।
A:刺身(さしみ)は?
अनि साशिमी कस्तो लाग्छ?
B:刺身(さしみ)は、ちょっと…。
मलाई साशिमी खासै मन पर्दैन।

©The Japan Foundation

❸

V- ますか?	**(マス** रूप **マス形)**
V- る?	**(** शब्दकोष-रूप **辞書形)**

お茶、飲みますか?
तपाईं ग्रीन टी पिउनुहुन्छ?

何、飲む?
तपाईं केही पिउन चाहनुहुन्छ?

– यी अभिव्यक्तिहरू क्रिया प्रयोग गरेर प्रश्न सोध्नको लागि प्रयोग गरिन्छ। यी कसैको इच्छा सोध्नको लागि प्रयोग गरिन्छ। यस पाठमा कसैलाई पिउन चाहेको ड्रिन्क्स (पिउने कुरा) बारे प्रश्न सोध्नको लागि यस्तो अभिव्यक्ति प्रयोग गरिएको छ।

– 飲みます जस्ता ます मा समाप्त हुने क्रियाको रूपलाई マス रूप भनिन्छ। マス-रूप नम्र भएर बोल्ने तरिका हो र नचिनेको मान्छे अथवा आफू भन्दा ठूलो मान्छेसँग कुरा गर्दा प्रयोग गरिन्छ। प्रश्न सोध्नको लागि, वाक्यको अन्त्यमा か थपेर बढ्दो तीखोपनाको स्वरमा उच्चारण गरेर भन्नुहोस्। उदाहरणको लागि, 飲みますか ?।

– क्रियाको आधारभूत रूपलाई शब्दकोष-रूप (शब्दकोषको सूचीमा हुने रूप) भनिन्छ। 飲む (पिउनु) शब्दकोष-रूप हो र 飲みます यसको ます-रूप हो। तपाईँले 飲む? जसरी शब्दकोष-रूपलाई बढ्दो तीखोपनाको स्वरमा उच्चारण गरेर भनी, त्यसलाई प्रश्न बनाउन सक्नुहुन्छ। यो कुराकानी गर्दा प्रयोग गरिने अनौपचारिक भाषा हो र साथी, आफू भन्दा तल्लो पदको सहकर्मी वा आफू भन्दा कम उमेरको मान्छेको लागि प्रयोग गरिन्छ।

– 『入門』र『初級』स्तरहरूमा मुख्यतया マス-रूप प्रयोग गरेर कुरा गर्ने अवसरहरू बढी हुनाले तपाईँले मुख्यतया マス-रूप अध्ययन गर्नुहुनेछ। शब्द-कोष-रूप प्रयोग गरिने अभिव्यक्तिहरू सुनेर बुझ्न सक्ने हुने प्रयास गर्नुहोस्। क्रियाहरू सिक्ने बेला त्यो सँगै त्यसको शब्दकोष-रूप पनि याद गर्ने प्रयास गर्नुहोस्। तपाईँले शब्दकोष-रूपबाट マス -रूप बनाउँदा लागू गरिने क्रियारूप बनाउने नियमहरू『初級 1』 मा अध्ययन गर्नुहुनेछ।

– यदि तपाईँलाई कसैले केही ड्रिन्क्स पिउनुहुन्छ भनेर सोधेमा はい、お願いします (हजुर, धन्यवाद) भनेर स्वीकार गर्न सक्नुहुन्छ। अस्वीकार गर्नको लागि いえ、けっこうです (धन्यवाद, तर मलाई चाहिँदैन) भनेर जवाफ दिन सकिन्छ (उदाहरण ①)।

– कसैलाई के पिउनुहुन्छ भनेर प्रश्न गर्दा, प्रश्नवाचक 何 (के) प्रयोग गरीन्छ । जवाफ दिँदा, आफूले पिउन चाहेको ड्रिन्क्स (पिउने कुरा) को नाम पछि お願いします थपेर अभिव्यक्त गरिन्छ । उदाहरणहरू ②③)।

- 動詞を使った質問の言い方です。相手の意志をたずねるときに使います。この課では、飲む物を質問するときに使っています。
- 「飲みます」のように、「ます」で終わる動詞の活用形を「マス形」と呼びます。「マス形」は丁寧な言い方で、知らない人や目上の人と話すときに使われます。疑問文は、文末に「か」をつけて、「飲みますか?」のように上昇イントネーションで発音します。
- 動詞の基本形を「辞書形(=辞書の見出しに出てくる形)」と呼びます。「飲む」が辞書形で、「飲みます」はそのマス形です。辞書形の場合、「飲む?」のように上昇イントネーションで発音するだけで疑問文になります。話し言葉で使われるカジュアルな言い方で、友だち同士や目下の人に使われます。
- 『入門』から『初級』の段階では、マス形を使って話す機会のほうが多いので、マス形を中心に勉強します。辞書形を使った言い方は、聞いてわかるようにしておきましょう。動詞を覚えるときは、辞書形をいっしょに覚えておくようにします。なお、辞書形からマス形を作る活用規則は、『初級1』で勉強します。
- 飲み物などをすすめられて、受ける場合は「はい、お願いします。」、断るときは「いえ、けっこうです。」と答えます(例①)。
- 何を飲むかたずねる場合は、疑問詞「何」を使って質問します。答えるときは、飲みたいもののあとに「お願いします。」をつけて言います(例②③)。

©The Japan Foundation

[例] ► ① A：コーヒー、飲みますか？
उदाहरण
तपाईं कफी पिउनुहुन्छ?
B：はい、お願いします。
हजुर, धन्यवाद।
A：ミルクは？
अनि दूध चाहनुहुन्छ?
B：いえ、けっこうです。
मलाई चाहिँदैन।

► ② A：何、飲みますか？
तपाईं के पिउनुहुन्छ?
B：紅茶、お願いします。
चिया पिउँछु।

► ③ A：何、飲む？
तपाईं के पिउन चाहनुहुन्छ?
B：オレンジジュース、お願いします。
अरेन्ज जुस पिउँछु।

❹ Nを V- ます

シリアルを食べます。
म सिरिएल खान्छु।

- क्रियाको マス-रूपलाई इच्छा जनाउनको लागि मात्र नभएर तथ्य अथवा बानी वा दैनिक रूपमा गरिने कुराहरू जनाउनको लागि पनि प्रयोग गरिन्छ। यस पाठमा बिहानको खाना सम्बन्धी दैनिक रूपमा गरिने कुराहरूको लागि यस्तो अभिव्यक्ति प्रयोग गरिएको छ।
- कर्मलाई क्रियाको अगाडि राखिन्छ र シリアルを मा जसरी नाममा अव्यय を थपेर जनाइन्छ। यो अव्ययलाई を भनेर लेखिन्छ तर [ओ] भनेर उच्चारण गरिन्छ। 食べます को कर्म シリアル हो।
- प्रश्न सोध्ने बेला, कर्म जनाउने अव्यय を प्रायः भनिँदैन। तलको उदाहरण いつも、何、食べますか？ मा 何を को を भनिएको छैन। यो र ❸ को お茶、飲みますか？ एकै हो।

- 動詞のマス形は、意志を表すだけでなく、事実や習慣を表すときにも使われます。この課では、朝食の習慣を話すときに使っています。
- 動詞の目的語は、「シリアルを」のように、名詞に助詞「を」をつけて動詞の前に置きます。「を」と書いて「お」と読みます。「シリアル」は「食べます」の目的語です。
- 質問する場合、目的語を示す助詞「を」は省略されることが多いです。下の例の「いつも、何、食べますか?」は、「何を」の「を」が省略された形です。❸の「お茶、飲みますか?」も同様です。

[例] ► A：朝ご飯、いつも、何、食べますか？
उदाहरण
तपाईं प्रायः बिहानको खानामा के खानुहुन्छ?
B：ごはんとみそ汁を食べます。
म भात र मिसो सुप खान्छु।
A：Cさんは？
अनि सि-सान, तपाईं?
C：私は、パンと果物を食べます。ジュースを飲みます。
म पाउरोटी र फलफूल खान्छु। म जुस पिउँछु।

©The Japan Foundation

❺

(N は)	V- ません V- ないです

私(わたし)は、朝(あさ)ご飯(はん)は、あまり食(た)べません。
म प्रायः बिहानको खाना खाँदिनँ।

私(わたし)も、食(た)べないです。
म पनि बिहानको खाना खाँदिनँ।

- नकारात्मक क्रिया वाक्यहरू भन्ने तरिकाहरू छन्।
- नकारात्मक वाक्य बनाउनको लागि ～ます लाई ～ません मा परिवर्तन गर्नुहोस्। 食(た)べます को नकारात्मक रूप 食(た)べません हो।
- नकारात्मक वाक्यहरूमा 朝(あさ)ご飯(はん)は मा जसरी, कर्म जनाउने अव्यय を प्रायः は मा परिणत हुन्छ।
- 食(た)べないです र 食(た)べません को अर्थ एकै हो। यसमा शब्दकोष-रूप 食(た)べる (खानु) को नकारात्मक रूप (ナイ-रूप) मा です थपिएको छ। तपाईँले शब्दकोष-रूपलाई ナイ-रूप बनाउने प्रयोग नियमहरू『初級(しょきゅう) 1』 मा अध्ययन गर्नुहुनेछ।
- नकारात्मक क्रिया वाक्यहरू भन्ने दुई वटा तरिकाहरू छन्: ～ません र ～ないです. ～ます लाई ～ません मा परिवर्तन गर्न सजिलो हुनाले, हामी ～ません रूप『入門(にゅうもん)』 मा अध्ययन गर्छौं। तर वास्तविक बोलिचालीको भाषामा प्रायः ～ないです रूपको प्रयोग गरिन्छ। सुनेको बेला बुझ्नको लागि यो याद गर्नुहोस्।

- 動詞文の否定の言い方です。
- 「～ます」を「～ません」に変えると否定文になります。「食べません」は「食べます」の否定形です。
- 否定文では、「朝ご飯は」のように、目的語を示す助詞「を」は「は」に変わることが多いです。
- 「食べないです」は、「食べません」と同じ意味です。辞書形「食べる」の否定形（＝ナイ形）の「食べない」に「です」をつけた形です。辞書形からナイ形を作る活用規則は『初級 1』で勉強します。
- 動詞文の否定の言い方には、「～ません」と「～ないです」の２つがあります。『入門』では、「～ます」を「～ません」に変えるほうが簡単なので「～ません」の形を勉強します。ただし、実際の話しことばでは「～ないです」の形が使われることが多いので、聞いたときにわかるようにしておきましょう。

[例(れい)] उदाहरण ► A：朝(あさ)ご飯(はん)、何(なに)、食(た)べますか?
तपाईँ बिहानको खानामा के खानुहुन्छ?

B：朝(あさ)ご飯(はん)は、食(た)べません。
म प्रायः बिहानको खाना खाँदिनँ।

A：私(わたし)も、食(た)べないです。コーヒーを飲(の)みます。
म पनि बिहानको खाना खाँदिनँ। म कफी पिउँछु।

©The Japan Foundation

◆ क्रिया वाक्य (गैर-भूत काल) 動詞文（非過去）

करण (सकारात्मक) 肯定	**V- ます（マス -रूप　マス形）** シリアルを食べます。 म सिरिएल खान्छु।
प्रश्न 疑問	**V- ますか？** 何、食べますか？ तपाईं के खानुहुन्छ?
अकरण (नकारात्मक) 否定	**V- ません** **V- ないです** 朝ご飯は、食べません。 朝ご飯は、食べないです。 म बिहानको खाना खाँदिनँ।

❻

いつも／よく	**V- ます**	<नियमितता **頻度**>
あまり	**V- ません**	

私は、パンと、卵と、ヨーグルトをよく食べます。
म प्रायः पाउरोटी, अण्डा र दही खान्छु।

朝ご飯は、あまり食べません。
म प्रायः बिहानको खाना खाँदिनँ।

- यी अभिव्यक्तिहरू नियमितताबारे कुरा गर्नको लागि प्रयोग गरिन्छ।
- いつも (सधैं), よく (प्रायः) र あまり (बिरलै) क्रियाविशेषणहरू हुन् र यी क्रियाको अगाडि राखिन्छ। शब्दको क्रम よくヨーグルトを食べます अथवा ヨーグルトをよく食べます को क्रममा हुन सक्छ।
- あまり नकारात्मक वाक्यहरूमा प्रयोग गरिन्छ र यसले कुनै कुरा त्यति नगरिने जनाउँछ।

• 頻度を表す言い方です。

• 「いつも」「よく」「あまり」は副詞で、動詞の前に置かれます。語順は、「よくヨーグルトを食べます」「ヨーグルトをよく食べます」のどちらでもかまいません。

• 「あまり」は、否定文といっしょに使い、頻度が高くないことを表します。

[例] उदाहरण

► A：朝ご飯、いつも、何、食べますか？
तपाईं प्रायः बिहानको खानामा के खानुहुन्छ?
B：パンを食べます。果物をよく食べます。
म पाउरोटी खान्छु। म प्रायः फलफूल खान्छु।

► A：卵を食べますか？
तपाईं अण्डा खानुहुन्छ?
B：卵は、あまり食べません。
म बिरलै अण्डा खान्छु।

©The Japan Foundation

日本の生活 TIPS

● 日本の食べ物（刺身と寿司／天ぷら／うどんとそば／カレー）

जापानी खानेकुराहरू (साशिमी र सुशी / तेम्पुरा / उदोन र सोबा / करी)

▶ 刺身と寿司　साशिमी र सुशी

Sashimi　刺身

Nigiri-zushi　にぎり寿司

Kaiten-zushi　回転寿司

साशिमी भनेको ताजा माछा पातलो गरी काटेको खानेकुरा हो, जसलाई सोयु (सोया सस) आदिसँग खाने गरिन्छ। यो एउटा प्रसिद्ध जापानी परिकार हो। साशिमी पातलो गरी काटिएको माछा त्यत्तिकै प्लेटमा राखिएको मात्र हुँदैन। यसलाई सुन्दर देखिने गरी मिलाएर राखिएको हुन्छ। साशिमी मुनि मसिनो गरी काटिएको जापानी मुला, समुद्री लेउ र *सिसो* (मिन्ट परिवारको जापानी जडीबुटी) जस्ता अन्य कुराहरू पनि राखिएको हुन्छ। यसलाई *साशिमी नो चुमा* (साशिमीको सजावट) भनिन्छ। साशिमी मुनिका कुराहरू खान पनि सकिन्छ तर नखाईकन त्यत्तिकै छोडे पनि हुन्छ।

सुशी भनेको भिनेगर हालिएको भातसँगै साशिमी खाने परिकार हो र यसको लोकप्रियता संसारभरि नै बढिरहेको छ। *निगिरिजुसी* (हातले आकार दिइएको सुशीको भात माथि पातलो गरी काटिएको माछा राखिएको हुन्छ), *माकिजुसी* (समुद्री लेउको पाताले सुशीको भात र फिलिङहरू रोल गरिएको हुन्छ), *चिरासिजुसी* (बोउल अथवा बक्समा हालिएको सुशीको भात माथि विभिन्न सामग्रीहरू राखिएको हुन्छ) र *ओसिजुसी* (सुशीको भातमा सामग्रीहरू राखी फ्रेम अथवा बक्समा थिचिएको हुन्छ) जस्ता सुशीका विभिन्न प्रकारहरू छन्। स्पेसियाल्टी रेस्टुरेन्टहरूमा सुशी महँगो हुन सक्छ तर कम मूल्यका सुशी रेस्टुरेन्टहरू पनि धेरै छन्। *ग्राहकहरूलाई कन्वेयर बेल्टमा सुशी पुर्‍याइने प्रकारको रेस्टुरेन्टलाई काइतेनजुसी* भनिन्छ। अन्यको तुलनामा यस्ता रेस्टुरेन्टहरूमा सुशी सस्तो हुन्छ। टेकआउट सुशी चेन, सुपरमार्केट र कन्भिनिएन्स स्टोरहरूमा पनि सुशी उपलब्ध हुन्छ।

刺身は、新鮮な生の魚を薄く切って、しょうゆなどをつけてそのまま食べる料理で、代表的な日本料理の１つです。魚の切り身をただ並べるだけではなく、見た目が美しく見えるように、きれいに盛り付けるのも特徴です。刺身の下には細く切った大根や海藻、シソなどが置かれ、これらを「刺身のつま」といいます。刺身のつまは食べることもできますし、食べないで残してもいいです。

寿司は、刺身を酢飯といっしょに食べる料理で、現在では世界中に広まっています。「にぎり寿司」「巻き寿司」「ちらし寿司」「押し寿司」など、いくつか種類があります。本格的な寿司屋に行くと非常に高い料金になることもありますが、値段を抑えた店も多くあります。「回転寿司」という、寿司がベルトコンベアで運ばれてくるシステムの店は、比較的安い値段で寿司が食べられます。また、テイクアウトの寿司チェーン店や、スーパー、コンビニなどでも、気軽に買うことができます。

▶ 天ぷら　तेम्पुरा

तेम्पुरा श्रिम्प, माछा जस्ता सिफुड अथवा फर्सी, भेन्टा जस्ता तरकारीहरूलाई गहुँको पीठोबाट बनाइएको ब्याटरमा डुबाई, त्यसलाई तेलमा तारेर (डिप फ्राइ गरेर) तयार पारिन्छ यो एउटा परम्परागत जापानी परिकार हो। यो पोर्तुगाली शब्द तेम्पेरो (मसला) बाट आएको नाम हो भनेर मानिन्छ। तेम्पुरालाई डिपिङ ससमा डुबाएर वा नुन लगाएर खान सकिन्छ। यो भात माथि राखेर अथवा सोबा वा उदोन जस्ता नूडल्सहरू माथि राखेर पनि खाने गरिन्छ।

天ぷらは、エビや魚などの魚介類や、カボチャ、ナスなどの野菜に、小麦粉などから作った衣をつけ、油で揚げた料理です。伝統的な日本料理ですが、「天ぷら」の語源はポルトガル語の「tempero（調味料）」に由来すると言われています。天ぷらは、つゆにつけて、または塩をかけて食べます。ご飯の上にのせたり、そばやうどんの上にのせたりする食べ方もあります。

©The Japan Foundation

▶ うどんとそば　उदोन र सोबा

उदोन र सोबा मौलिक जापानी नूडल्सहरू हुन्। उदोन गहुँको पीठोबाट बनाइएको मोटो, सेतो नूडल्सलाई उसिनेर तयार गरिन्छ। सोबा फापरको पीठोबाट बनाइने नूडल्स हो। उदोन र सोबा दुबै तातो सुपमा हालेर खानको लागि तयार गरिन्छ र यसलाई पहिले उसिन्ने र त्यसपछि पानीमा हालेर चिस्याएपछि प्लेटमा हालेर बाक्लो डिपिङ सससँग पनि खाइन्छ।

उदोन अथवा सोबा मात्र बिक्री गर्ने स्पेसियाल्टी रेस्टुरेन्टहरू पनि हुन्छन्। तर धेरै सोबा रेस्टुरेन्टहरूको मेन्युमा उदोन र सोबा दुबै हुने हुनाले छान्न सकिन्छ। प्रायः स्टेसनहरूमा उदोन र सोबा रेस्टुरेन्टहरू हुने गर्छन्। ती रेस्टुरेन्टहरूमा सस्तो मूल्यमा छिटो नूडल्स प्रदान गरिने हुनाले यी रेस्टुरेन्टहरू हतार भएको बेला सुविधाजनक हुन्छन्।

जापानमा मान्छेहरूले उदोन र सोबा जस्ता नूडल्स खाने बेला आवाज निकालेर खान्छन्। किनभने आवाज निकालेर खाँदा नूडल्स अझ बढी स्वादिलो हुन्छ। यो शब्दको प्रयोग नगरीकन नूडल्स कत्तिको मीठो छ भनेर भन्ने एउटा माध्यम पनि हो। तपाईंले पनि यसरी नै आवाज निकालेर उदोन र सोबा जस्ता नूडल्स खाने अभ्यास गरी खाएर हेर्नुहोस्।

केही उदोन र सोबाका किसिमहरू निम्न अनुसार रहेका छन्।

和食の麺類の代表的なものが、うどんとそばです。うどんは、小麦粉から作った白くて太い麺をゆでて作ります。そばは、そば粉から麺を作ります。うどんもそばも、温かいつゆに入れて食べる食べ方と、ゆでたあと水で冷やした麺を皿に盛り、濃い目のつゆにつけて食べる食べ方があります。

うどん、そばは、一方だけを扱う専門的な店もありますが、多くのそば屋では、うどんとそばの両方がメニューにあり、選ぶことができます。電車の駅にはたいてい、うどんとそばの店があり、安く、しかも短い時間で提供されるので、急いでいるときなどに便利です。

日本でうどんやそばなどの麺類は、「ズルズルッ」と音を立てて食べます。これはこのほうが香りを楽しめるという理由や、「おいしい」とことばで言う代わりに音で伝えるという意味があります。自分でも音を立ててうどんやそばが食べられるよう、練習してみるといいでしょう。

うどん、そばのメニューには、以下のようなものがあります。

◈ かけうどん／かけそば

अन्य कुनै पनि सामग्री नहालीकन तातो सुपमा उदोन अथवा सोबा हालेर प्रदान गरिन्छ।

具が入っていない、温かいつゆに入ったうどん・そば。

◈ ざるうどん／ざるそば

जारु भनेको बाँसबाट बनाइने बास्केट हो। पानीमा चिस्याइएको नूडल्स अथवा चिस्याइराखेको नूडल्सलाई जारुमा हालेर प्रदान गरिन्छ र डिपिङ ससमा चोपेर खाइन्छ।

ざるは竹で編んで作った器。水で冷やし、冷たくした麺をざるに盛り、つゆをつけて食べる。

◈ きつねうどん／きつねそば

किचुनेको अर्थ "स्याल" हो। यो उदोन अथवा सोबामा तेलमा तारेको (डिप फ्राइ गरेको) तोफु टपिङ गरिएको हुन्छ। कानसाइ क्षेत्रमा यो उदोनलाई *किचुने* (स्याल) भनिन्छ र सोबालाई *तानुकी* (र्‍याकुन डग) भनिन्छ।

きつねは "fox" の意味。油揚げをのせたもの。関西では、うどんは「きつね」、そばは「たぬき」と言う。

◈ 月見(つきみ)うどん／月見(つきみ)そば

चुकिमी को अर्थ "चन्द्रमा हेर्नु" हो। यो उदोन अथवा सोबामा काँचो अण्डा माथिबाट राख्ने गरिएको हुन्छ।

月見は "moon viewing" の意味。生卵をのせたもの。

◈ 天(てん)ぷらうどん／天(てん)ぷらそば

यो उदोन अथवा सोबामा झिंगे माछा जस्ता तेम्पुरा माथिबाट राखिने गरिएको हुन्छ।

エビなどの天ぷらをのせたもの。

किचुने उदोन　きつねうどん

चुकिमी सोबा　月見そば

जारु सोबा　ざるそば

©The Japan Foundation

▶ カレー　करी (परिकारको नाम)

करी एक भारतीय परिकार हो जुन मेइजी युग (सन् 1868–1912) को समयमा बेलायत हुँदै जापानमा भित्र्याइएको थियो। त्यसपछि जापानले आफ्नै शैलीको करीको विकास गऱ्यो। जापानी करी भारतीय करी र थाई करी भन्दा फरक छ यसको झोललाई गहुँको पीठो प्रयोग गरेर बाक्लो बनाइएको हुन्छ। यसलाई भात माथि हालेर करी राइसको रूपमा प्रदान गरिन्छ।

जापानीहरूले औसत रूपमा हप्तामा एक पटक भन्दा बढी करी खाने गर्छन् भनेर भनिन्छ। सेट खाना रेस्टुरेन्ट, सोबा रेस्टुरेन्ट र ग्यूउ-दोन रेस्टुरेन्टका साथै प्रायः जस्तो रेस्टुरेन्टहरूमा करी उपलब्ध हुन्छ। जापानमा अधिकांश बुफेहरूको मेन्युमा करी हुन्छ। यसरी करी जापानमा धेरै लोकप्रिय छ र यसलाई राष्ट्रिय जापानी परिकार पनि भनिन्छ।

व्यावसायिक तयारी रू प्रयोग गरेर तपाईँले सजिलोसँग जापानी करी बनाउन सक्नुहुन्छ। तपाईँ पनि आफै बनाउने प्रयास गरेर हेर्नुहोस्। धेरै करीहरू "बोइल-इन-द-ब्याग (झोलामै उमाल्न मिल्ने)" खानाको रूपमा बिक्री गरिन्छ। तपाईँले यसको पूरै झोलालाई तातो पानीमा हालेर सजिलोसँग करी तयार गर्न सक्नुहुन्छ। यस्ता केही करीहरू घरमा राखेमा समय नभएको बेला छिटै हल्का खाना तयार गर्न सकिने हुनाले सजिलो हुन्छ।

　カレーは、インドの料理が、イギリスを経由して明治時代（1868-1912）に日本に入り、そのあと日本でオリジナルのスタイルになった料理です。日本のカレーは、インドやタイのカレーとは違い、小麦粉を使い、とろみがついているのが特徴です。ご飯にかけて、「カレーライス」として食べます。
　日本人は平均して週に１度以上カレーを食べると言われています。定食屋、そば屋、牛丼屋など、たいていの飲食店ではカレーを食べることができます。日本でビュッフェスタイルの食事をすると、たいていメニューにカレーがあります。このように、カレーは日本では非常に人気があり、日本の「国民食」とも言われています。
　市販のカレールーを使うと簡単に作ることができるので、自分で作ってみるのもいいでしょう。また、袋のままお湯に入れればできあがるレトルト食品もたくさん売られていますので、買っておくと、手をかけずに食事を作りたいときなどに便利です。

● 丼物（どんぶりもの）　डोन्बुरी-मोनो (टपिङ गरिएको राइस बोउल)

डोन्बुरी-मोनो भनेको बोउलको भातमा अन्य सामग्रीहरू टपिङ गरिएको खाना हो। *दोनबुरी-मोनोका* नामहरू, मुख्य सामग्रीको पछाडि *~दोन* थपेर बनाइन्छ। उदाहरणको लागि *ग्यूउ-दोन*, *काचु-दोन* आदि। मुख्य पाठमा लेखिएको *ग्यूउ-दोन* बाहेक पनि टपिङ सामग्री अनुसार विभिन्न किसिमका *~दोनहरू* हुन्छन्।

　丼にご飯を入れ、その上に具材をのせた料理を丼物といいます。丼物は、「牛丼」「カツ丼」のように、うしろに「～丼」がついた品名で呼ばれます。本文に登場した牛丼以外にも、上に何をのせるかによって、さまざまな種類の「～丼」があります。

▶ 牛丼（ぎゅうどん）　ग्यूउ-दोन (बिफ बोउल)

यो राइस बोउलमा पातलो गरी काटिएको बिफ र प्याजलाई चलाउँदै फ्राइ गरेर टपिङ गरिएको हुन्छ र स्वादको लागि नुनिलो गुलियो सस हालिएको हुन्छ। यो कहिलेकाहीँ रातो अदुवासँग प्रदान गरिन्छ। जापानमा योसिनोया, माचुया, सुकिया जस्ता धेरै ग्यूउ-दोन चेन रेस्टुरेन्टहरू छन्। तपाईँले यी चेन रेस्टुरेन्टहरूमा कम मूल्यमा ग्यूउ-दोन खान सक्नुहुन्छ र यो एउटा लोकप्रिय सामान्य खाना हो।

　薄く切った牛肉とたまねぎを炒め、甘辛いつゆで味をつけ、ご飯にのせた丼です。紅ショウガをのせることもあります。日本には「吉野家」「松屋」「すき家」など、牛丼のチェーン店がいくつかあり、安い値段で牛丼を食べることができるので、気軽な食事として人気があります。

©The Japan Foundation

▶ カツ丼（どん） काचु-दोन (पोर्क कटलेट बाउल)



यो राइस बोउलमा नरम हुने गरी पकाइएको *तोन-काचु*, प्याजका साथै अण्डा टपिङ गरिएको हुन्छ। यो स्पेसियाल्टी *तोन-काचु* रेस्टुरेन्टहरूका साथै सेट खाना रेस्टुरेन्ट, सोबा रेस्टुरेन्ट आदिमा पनि खान सकिन्छ।

豚カツをタマネギといっしょにつゆで煮込み、卵でとじたものをご飯にのせます。豚カツの店のほか、定食屋やそば屋などでもメニューにあります。

▶ 親子丼（おやこどん） ओयाको-दोन (कुखुराको मासु र अण्डाको बाउल)

यो पनि धेरै सेट खाना रेस्टुरेन्ट र सोबा रेस्टुरेन्टहरूमा हुने परिकार हो। यो कहिलेकाहीँ *याकितोरी* (ग्रील्ड चिकेन) रेस्टुरेन्टहरूमा पनि उपलब्ध हुन्छ। यो राइस बोउलमा नरम हुने गरी पकाइएको कुखुराको मासु र प्याज अथवा हरियो प्याज आदि माथिबाट राखिने गरिएको हुन्छ र अण्डासँगै प्रदान गरिन्छ। कुखुरा र अण्डा प्रयोग गरिने भएर यसलाई *ओयाको* (बाबुआमा र बच्चा) भनिन्छ। केही रेस्टुरेन्टले कुखुराको मासुको सट्टामा पोर्क अथवा बिफ प्रयोग गरिएको यस्तै राइस बोउल पनि प्रदान गर्छन्। यो *तानिन-दोन* (तानिनको शाब्दिक अर्थ "असम्बन्धित मान्छे") हो।

これも、定食屋やそば屋で一般的なメニューです。焼き鳥の店で出されることもあります。鶏肉をネギ、またはタマネギといっしょにつゆで煮込み、卵でとじたものをご飯にのせた丼です。鶏肉と卵を使うことから、「親子」という名前がついています。鶏肉の代わりに豚肉や牛肉を使った「他人丼」をメニューに載せている店もあります。

▶ 海鮮丼（かいせんどん） काइसेन-दोन (सिफुड बाउल)

यी राइस बोउलहरूमा विभिन्न प्रकारका साशिमीरू माथिबाट राखिने गरिएको हुन्छ। माथिबाट राखिने गरिएको साशिमी अनुसार यस्ता सिफुड बाउलहरूको विभिन्न नामहरू हुन्छन्। उदाहरणको लागि *मागुरो-दोन* (टुना माथिबाट राखिने गरिएको राइस बोउल), *साके-इकुरा-दोन* (सामोन र सामोनको अण्डा टपिङ गरिएको राइस बोउल) आदि।

いろいろな刺身をご飯の上にのせて作る丼です。刺身の種類によって、「まぐろ丼」「鮭イクラ丼」等の名前がつくこともあります。

▶ 鰻丼（うなどん） उना-दोन (इल बाउल)

बीचको भागमा छुट्ट्याएर सोयु (सोया सस) हालेर पकाइएको इल माछालाई भात माथि राखिने गरिएको हुन्छ। उच्च स्तरको *उना-दोन*लाई बार्निस कोटिङ गरिएको बक्समा प्रदान गरिन्छ र यसलाई *उना-ज्यू* भनिन्छ। इल माछाको साइज अनुसार यस्ता उना-दोनहरूको श्रेणीलाई कहिलेकाहीँ 松（まつ） (सल्ला), 竹（たけ） (बाँस) र 梅（うめ） (आलुबखडा) मा वर्गीकरण गरिएको हुन्छ। सामान्यतया उच्च श्रेणीदेखि निम्न श्रेणी 松（まつ）, 竹（たけ） र 梅（うめ） को क्रममा हुन्छ। प्रायः जस्तो 松（まつ） सबैभन्दा उच्च श्रेणी हो (तर यो रेस्टुरेन्ट अनुसार फरक हुन सक्छ)। स्पेसियाल्टी रेस्टुरेन्टमा इल माछा खायो भने ज्यादै महँगो पनि हुन सक्छ तर तपाईँले ग्यू-दोन चेन रेस्टुरेन्ट जस्ता ठाउँहरूमा कम मूल्यमा खान सक्नुहुन्छ।

जापानमा गर्मी मौसमको बीच तिर पर्ने गोरुको दिनमा इल माछा खाने चलन छ र धेरै मान्छेहरूले यो दिन *उना-दोन* अथवा *उना-ज्यू* खान्छन्।

鰻の蒲焼きをご飯にのせて食べます。高級なものは、丼の代わりに重箱を使い、「鰻重」という名前になります。鰻の大きさなどによって「松」「竹」「梅」というランクがつけられていることもあります。この場合、一般的には松＞竹＞梅の順位で、松がいちばんランクが高いのが普通です（ただし、店によって異なる場合もあります）。鰻は専門店で食べるとかなり高い料理ですが、牛丼のチェーン店などで比較的安く食べることもできます。

日本では夏の「土用の丑の日」に鰻を食べる習慣があり、この日にはたくさんの人が鰻丼や鰻重を食べます。

©The Japan Foundation

● 外国人の苦手な日本の食べ物　प्रायः विदेशीहरूले मन नपराउने जापानी खानेकुरा

तपाईंको देशमा विदेशीहरूले मन नपराउने खानेकुरा छ? जापानमा धेरै विदेशीहरूले मुख्य पाठमा भएका *नात्तो* र *उमेबोसी*का साथै मुख्य पाठको *इजाकाया मेन्युमा भएको सिओकारा* खान सक्दैनन् वा मन पराउँदैनन्। निसन्देह, प्रत्येक मान्छे फरक हुन्छन् र मान्छेहरूले खान सक्ने वा नसक्ने चीजहरू पनि फरक हुन्छन्। मौका मिलेमा तपाईंले पनि तलका खानेकुराहरू खाएर हेर्नुहोस्।

　みなさんの国の食べ物の中には、外国人から苦手だと言われる食べ物がありますか?　本文に登場した「納豆」と「梅干し」、居酒屋メニューにあった「塩辛」は、外国人から「食べられない」「苦手」という声がよく聞かれる日本の食べ物です。もちろん好みは人それぞれですし、食べられるものも食べられないものも人によってさまざまです。機会があれば、試してみてください。

▶ 納豆　नात्तो

नात्तो सोयाबिन किण्वीकरण (फर्मेन्ट) गरेर बनाइन्छ। यसको आफ्नै प्रकारको गन्ध हुन्छ र यसबाट च्यापच्याप लाग्ने धागो निस्किन्छ। सामान्यतया यो बिहानको खानामा खाने गरिन्छ तर *नात्तो* मन नपराउने जापानीहरू पनि धेरै छन्। विशेष गरी कान्तो क्षेत्रको मान्छेहरूको तुलनामा कानसाइ क्षेत्रको मान्छेहरूले कम *नात्तो* खान्छन्। यसलाई विदेशीहरूले मन नपराउने जापानी खानेकुराको नमूनाको रूपमा लिइने हुनाले कुनै विदेशीले आफूलाई *नात्तो* खान मन पर्छ भनेर भन्यो भने जापानीहरू प्रभावित हुने र अचम्म मान्ने गर्छन्।

　納豆は大豆を発酵させて作った食品で、独特のにおいと、糸を引く粘りがあります。日本の朝食のメニューとして一般的な食品ですが、日本人でも、納豆が苦手な人は多いです。特に、関西の人は、関東の人と比べると、あまり納豆を食べません。「外国人が苦手な日本の食べ物」の典型として考えられているので、外国人が「納豆が好き」というと、感心したり驚いたりする日本人もいるでしょう。

▶ 梅干し　उमेबोसी

उमेबोसी आलुबखडालाई नुनमा हालेर बनाइन्छ र अत्यन्तै अमिलो हुन्छ। यो राइस बल, लन्च बक्स र *ओच्याजुके* (जापानी चिया हालिएको भात) मा हालिने गरिन्छ। यो एउटा लोकप्रिय स्वास्थ्यकर खानेकुरा पनि हो। तर अमिलो हुने हुनाले उमेबोसी मन नपराउने मान्छेहरू पनि हुन्छन्।

　梅干しは梅の実を塩漬けにして作った食品で、非常に酸っぱいのが特徴です。おにぎり、お弁当、お茶漬けなどに使われ、健康食品としても人気がありますが、その酸っぱさのため、苦手という人もいます。

▶ 塩辛　सिओकारा

सिओकारा स्क्विड जस्ता सिफुडको भित्री अङ्गहरू सहित सबैलाई काटेर टुक्रा पारी, नुनमा हालेर किण्वीकरण (फर्मेन्ट) गरी बनाइन्छ। यसलाई भात माथि राखेर प्रदान गरिन्छ अथवा स्न्याकको रूपमा मदिराजन्य पदार्थसँग खाइन्छ। प्रायः *सिओकारा* मन नपराउने विदेशीहरूले यो अतिनै नुनिलो हुन्छ, राम्रो देखिँदैन, भित्री अङ्गहरू पनि हुने हुनाले खान सकिँदैन भनेर भन्छन्।

　塩辛は、イカなど魚介類の身を内臓と合わせて刻み、塩漬けにして発酵させて作ります。ご飯にのせて食べたり、お酒のつまみとして食べたりします。塩辛が嫌いな外国人からは、「味がしょっぱすぎる」「見た目が気持ち悪い」「内臓というだけで無理」などの感想が聞かれます。

©The Japan Foundation

日本酒 जापानी साके

जापानी साके चामलबाट बनाइन्छ। जापानभरि नै साके ब्रुअरीहरू छन् र यी ब्रुअरीहरूले विभिन्न किसिमका जापानी साके बनाउँछन्। सामान्यतया यसमा 14% देखि 16% सम्मको अल्कोहल हुन्छ। जापानी भाषामा お酒 ले कहिलेकाहीँ जापानी साकेलाई जनाउँछ भने कहिलेकाहीँ अल्कोहल भएको सबै मदिराहरूलाई जनाउँछ।

कृत्रिम अल्कोहल प्रयोग नगरीकन चामल, माल्टेड चामल र पानीले मात्र बनाइएको जापानी साकेलाई *ज्युन्माइ-स्यु* भनिन्छ। बेस्कन पोलिस गरेर बाहिरी भाग हटाई, चामलको गुदी मात्र प्रयोग गरेर बनाइने जापानी साकेलाई *गिन्ज्योउ-सयु* भनिन्छ। *ज्युन्माइ-स्यु* को स्वाद परिपक्व (मेलोउ) हुन्छ भने *गिन्ज्योउ-स्यु* यसको फ्रूटी बास्नाको लागि चिनिन्छ।

जापानी साकेको स्वादलाई *आमाकुची* (गुलियो) र *काराकुची* (ड्राइ) मा विभाजन गरिन्छ। उच्च चामलको तत्त्व भएको जापानी साके *आमाकुची* हुन्छ भने उच्च अल्कोहलको तत्त्व भएको स्मुथ जापानी साके *काराकुची* हुन्छ। जापानी साके विभिन्न तरिकामा पिउने गरिन्छ। यसलाई चिसो पारेर रेइस्यु (चिसो साके) अथवा तताएर *आचुकान* (तातो साके) को रूपमा पिउन सकिन्छ।

जापानी साके कन्भिनिएन्स स्टोरहरूमा पनि बिक्री गरिन्छ र *इजाकायाहरूमा* पनि पिउन सकिन्छ। अचेल जापानभरिको साके पाइने जापानी साके बारहरू पनि धेरै छन्।

日本酒は米から作られます。日本各地に酒蔵があり、日本全国でさまざまな銘柄の日本酒が造られています。アルコールの度数はだいたい14～16%ぐらいです。日本語で「お酒」というときは、この日本酒のことを指す場合と、アルコール飲料全体を指す場合があります。

人工的なアルコールを使わないで、米と米麹と水だけから作った日本酒を「純米酒」といいます。また原料の米を削り、米の芯の部分を使って作った日本酒を「吟醸酒」といいます。純米酒は、まろやかな味わい、吟醸酒はフルーティーな香りが特徴です。

日本酒の味は「甘口」か「辛口」かに分けられます。米の成分が多く残った日本酒が「甘口」、アルコールの比率が高くさらっとした日本酒が「辛口」です。また飲み方は、冷やして飲むのが「冷酒」、温めて飲むのが「熱燗」です。

日本酒はコンビニでも売られていますし、居酒屋でも飲むことができます。最近は、日本全国の日本酒を集めた「日本酒バー」も各地にできています。

日本の朝食 जापानी बिहानको खाना

मौलिक जापानी बिहानको खानामा भात, मिसो सुप, ग्रील्ड माछा, अण्डा, सुकाइएको समुद्री लेउ, नात्तो र पिकल्स हुन्छ। तर हाल कम मान्छेहरूले यस्तो किसिमको बिहानको खाना खान्छन्। यसको सट्टामा बढी मान्छेहरूले पाउरोटी र अण्डा जस्ता पश्चिमी शैलीको बिहानको खानाहरू खाने गर्दछन्। धेरै मान्छेहरूले बिहानको खानामा हालुका नास्ता खाने पनि गर्दछन्। उदाहरणको लागि, मान्छेहरूले सिरिएल वा दही मात्र खान्छन् अथवा कन्भिनिएन्स स्टोरमा स्यान्ड-विच किन्छन्। बिहानको खाना नखाने मान्छेहरू पनि हुन्छन्।

मिसो सुप भनेको सुप स्टकमा मिसो हालेर पकाइने सुप हो। यसमा तोफु, वाकामे नामक समुद्री लेउ, जापानी मुला जस्ता सामग्रीहरू हुन्छन्। मिसो सुप चम्चा प्रयोग गरेर पिउने गरिँदैन। हातले बाउल उचालेर सीधै बाउलबाट पिउने गरिन्छ। मिसो बाउलको पिँधमा डुबेको छ भने पिउनु अगाडि सुपलाई चपस्टिकले हल्का चलाउनुहोस्।

प्रायः बिहानको खानामा काँचो अण्डा पनि खाने गरिन्छ। संसारमा काँचो अण्डा खाइने देशहरू धेरै छैनन्। विदेशीहरूले काँचो अण्डा खायो भने बिरामी भइन्छ भनेर सोच्ने गरेको पाइन्छ। तर काँचो अण्डा खाइने हुनाले जापानमा अण्डाहरूलाई सफा गरी जीवाणुहीन गरिएको हुन्छ। त्यसैले ताजा भएमा काँचो अण्डा खाएपनि बिरामी भइँदैन। प्रायः जस्तो काँचो अण्डामा सोयु (सोया सस) अथवा दासी (स्टक) मिसाएर भातमा हालिन्छ र तामागो-काके-गोहान (स्वाद हालिएको काँचो अण्डा मिसाइएको भात) को रूपमा खाइन्छ। तामागो-काके-गोहान बिहानको खानामा मात्र नभईकन मदिराजन्य पदार्थ सेवन गरेपछि पनि खाने गरिन्छ। इजाकायाको मेन्युहरूमा कहिलेकाहीँ यसलाई "TKG" भनेर पनि लेखिएको हुन्छ।

©The Japan Foundation

典型的な日本の朝食は、ご飯と味噌汁、焼き魚、卵、のり、納豆、漬け物などです。しかし、今ではこのような朝食を毎日食べる人は、少なくなりました。逆に、パンと卵などの西洋風の朝食を食べる人が増えています。朝食を簡単に済ませる人も多く、シリアル、ヨーグルトなどで済ます人や、コンビニでサンドイッチを買って朝食にする人などもいます。朝食を食べない人もいます。

味噌汁は、だしをとり、味噌を溶かしたスープです。豆腐、わかめ、大根などの具を入れます。飲むときはスプーンを使わないで、お椀を手に持って、口の近くに持っていって飲みます。味噌が沈んでいる場合は、箸で軽くかき混ぜてから飲みます。

朝食には、生卵を食べることもよくあります。世界で、卵を生のまま食べる国は、あまり多くないようです。外国の人にとっては、「食べたら病気になりそう」というイメージが先行する場合もあります。しかし、日本の卵は生で食べることを前提として洗浄、殺菌が行われているので、古い卵でなければ生で食べても安全です。生卵は、しょうゆ（または出し汁）と混ぜ、ご飯にかけた「卵かけご飯」にして食べることが多いです。「卵かけご飯」は、朝食だけではなく、お酒を飲んだあとに食べることもあります。居酒屋のメニューなどでは「TKG」と書かれることもあります。

©The Japan Foundation

►トピック 好きな食べ物

第6課 チーズバーガーください

外で食事をするとき、どんな店に行きますか?

बाहिर खान खाने बेला कस्तो ठाउँ जानुहुन्छ?

1. ハンバーガー店のメニュー

Can-do 21
ファストフード店のメニューを見て、どんな食べ物や飲み物があるかがわかる。
तपाईंले फास्ट फुड रेस्टुरेन्टको मेन्युमा हेरेर त्यहाँ उपलब्ध कुराहरू बुझ्न सक्नुहुन्छ।

1 メニューを読みましょう。

मेन्यू पढ्नुहोस्।

► ハンバーガーの店に来て、メニューを見ています。

तपाई ह्यामबर्गर रेस्टुरेन्टमा मेन्यू हेरिरहनुभएको छ।

（1）どんな食べ物がありますか。どんな飲み物がありますか。

त्यहाँ के कस्ता खानेकुरा र ड्रिन्क्स छन्?

©The Japan Foundation

大切(たいせつ)なことば

ハンバーガー ह्यामबर्गर | ダブル डबल | チーズ चीज | てりやき तेरियाकी

チキン चिकेन | フィッシュ माछा | フライドポテト फ्रेन्च फ्राइज

デザート मिठाई | アイスクリーム आइसक्रिम | アップルパイ एप्पल पाई

ドリンク ड्रिन्क्स | ホットコーヒー तातो कफी | アイスコーヒー आइस कफी | ウーロン茶(ちゃ) उलोंग चिया

単品(たんぴん) सामान एउटा मात्र (सेट वा जोडी नभई) | セット सेट | S(エス)／M(エム)／L(エル) S/M/L (सानो/मझौलो/ठूलो)

（２）ハンバーガーには、どんな種類(しゅるい)がありますか。セットメニューの中身(なかみ)は何(なん)ですか。

त्यहाँ कस्ता प्रकारका ह्यामबर्गरहरू छन्? सेट मेन्यूमा के के छन्?

（３）何(なに)を注文(ちゅうもん)したいですか。

तपाईं के अर्डर गर्न चाहनुहुन्छ?

©The Japan Foundation

2. こちらでおめしあがりですか？

can-do 22
ファストフード店で、注文することができる。
तपाईंले फास्ट फुड रेस्टुरेन्टमा अर्डर गर्न सक्नुहुन्छ।

1 会話を聞きましょう。

संवादहरू सुन्नुहोस्।

► ハンバーガーの店で、3人のお客さんが、それぞれ注文しています。
तीन जना ग्राहकहरूले ह्यामबर्गर रेस्टुरेन्टमा अर्डर गरिरहेका छन्?

(1) 3人は、それぞれ何を頼みましたか。「1. ハンバーガー店のメニュー」のメニューを見ながら、メモしましょう。

३ जना ले के अर्डर गरे? 1 मा ह्यामबर्गर रेस्टुरेन्टको मेन्यू हेर्दै नोट टिप्नुहोस्।

① 06-01	② 06-02	③ 06-03

(2) もういちど聞きましょう。
3人は、店で食べますか、持ち帰りますか。店で食べるときは IN、持ち帰るときは OUT を書きましょう。

फेरि संवादहरू सुन्नुहोस्। के तिनीहरू ३ जना रेस्टुरेन्टमा खान्छन् वा खानेकुरा लिएर जान्छन्? रेस्टुरेन्टमा खाने खण्डमा IN लेख्नुहोस् र खानेकुरा लिएर जाने खण्डमा OUT लेख्नुहोस्।

こちらでおめしあがりですか？
यहाँ खानुहुन्छ?

① 06-01	② 06-02	③ 06-03

©The Japan Foundation

（3）ことばを確認(かくにん)して、もういちど聞(き)きましょう。 06-01 ～ 06-03

शब्दहरू निश्चय गर्नुहोस् र फेरि संवादहरू सुन्नुहोस्।

サイズ साइज

テイクアウトで लिएर जान्छु। | ここで यहाँ खान्छु ।

店(みせ)の人(ひと)が使(つか)う丁寧(ていねい)な表現(ひょうげん) स्टोर क्लर्कले प्रयोग गर्ने विनम्र अभिव्यक्ति ।

いらっしゃいませ स्वागतम्। | おうかがいします के म तपाईंको अर्डर लिन सक्छु?

お持(も)ち帰(かえ)りですね लिएर जानको लागि हो, है? | 何(なに)になさいますか？ तपाईं के लिनुहुन्छ ?

形(かたち)に注目(ちゅうもく)

（1）音声(おんせい)を聞(き)いて、＿＿＿＿にことばを書(か)きましょう。 06-04

रेकर्डिङ सुनी खाली ठाउँ भर्नुहोस्।

ホットコーヒー、＿＿＿＿＿＿＿＿＿＿＿＿＿＿＿。

S(エス)サイズ、＿＿＿＿＿＿＿＿＿＿＿＿＿＿＿。

チーズバーガーと、てりやきバーガーと、

フィッシュバーガー、＿＿＿＿＿＿＿＿＿＿。

これ、＿＿＿＿＿＿＿＿＿＿。

❗ 注文(ちゅうもん)するとき、どう言(い)っていましたか。 ➡ 文法(ぶんぽう)ノート❶

अर्डर गर्नको लागि कुन अभिव्यक्ति प्रयोग गरिएको थियो?

（2）形(かたち)に注目(ちゅうもく)して、会話(かいわ)をもういちど聞(き)きましょう。 06-01 ～ 06-03

प्रयोग भएका अभिव्यक्तिमा केन्द्रित रही फेरि संवादहरू सुन्नुहोस्।

©The Japan Foundation

2 ファストフード店で注文しましょう。

फास्ट फुड रेस्टुरेन्टमा अर्डर गर्नुहोस्।

いらっしゃいませ。おうかがいします。

これ、ください。／お願いします。

ホットコーヒー、ください。／お願いします。

ホットコーヒーですね。

チキンバーガーのセット、ください。／お願いします。

チキンバーガーのセットですね。

ドリンクは、何になさいますか?

じゃあ、ウーロン茶、お願いします。

こちらでおめしあがりですか?

はい。（ここで。）

いえ、テイクアウトで。

ありがとうございます。

（1）会話を聞きましょう。 06-05 06-06 06-07

संवादहरू सुन्नुहोस्।

（2）シャドーイングしましょう。 06-05 06-06 06-07

संवादहरू स्याडोइङ गर्नुहोस्।

（3）ファストフード店で注文するロールプレイをしましょう。

「1. ハンバーガー店のメニュー」のメニューを見ながら、注文しましょう。

फास्ट फुड रेस्टुरेन्टमा अर्डर गर्ने बेलाको रोलप्ले गर्नुहोस्। 1 मा ह्यामबर्गर रेस्टुरेन्टको मेन्यू हेर्दै अर्डर गर्नुहोस्।

©The Japan Foundation

3. 私はカレーにします

can-do 23 ほかの人と食事をするとき、何を食べるか質問したり、質問に答えたりすることができる。
तपाईँले अरू मान्छेहरूसँग खाना खाइरहेको बेला के खाने भनेर प्रश्नहरू सोध्न र उत्तर दिन सक्नुहुन्छ।

1 会話を聞きましょう。
संवादहरू सुन्नुहोस्।

► アディさん、ドニさん、林さんは、同じ会社で働いています。3人はこれから、会社の食堂で昼ご飯を食べます。
आडी-सान, डोनी-सान र हायासी-सान एकै कम्पनीमा काम गर्छन्। तिनीहरू कम्पनीको क्यान्टिनमा दिउँसोको खाना खान गइरहेका छन्।



（1）はじめに、スクリプトを見ないで会話を聞きましょう。 06-08
3人は、それぞれ何を食べますか。メモしましょう。
सुरुमा स्क्रिप्ट नहेरी संवादहरू सुन्नुहोस्। ती तीन जनाले के खान्छन्? नोट टिप्नुहोस्।

アディさん	ドニさん	林さん

（2）スクリプトを見ながら聞きましょう。 06-08
फेरि संवादहरू सुन्नुहोस्। यस पटक स्क्रिप्ट हेर्दै सुन्नुहोस्।

林：アディさん、何にしますか？
アディ：私は、うどんにします。
林：ドニさんは？
ドニ：うーん……林さんは、何にしますか？
林：私は、カレーにします。
ドニ：じゃあ、私もカレーにします。

> うーん
> 迷って考えている ことを表す
> वक्ताले निर्णय नगरीसकेको र विचार गरिरहेको कुरा जनाउँछ।

©The Japan Foundation

アディ：ここ、いいですか？
社員（しゃいん）：あ、どうぞ。

ここ、いいですか？
के म यहाँ बस्न सक्छु?

林（はやし）：いただきます。
アディ・ドニ：いただきます。

林（はやし）：うどん、どうですか？
アディ：おいしいです。
林（はやし）：そう。

どうですか？
त्यो कस्तो छ ?

おいしいです
मीठो छ।

形（かたち）に注目（ちゅうもく）

（1）音声（おんせい）を聞（き）いて、＿＿＿＿＿にことばを書（か）きましょう。 06-09
रेकर्डिङ सुनी खाली ठाउँ भर्नुहोस्।

何（なに）＿＿＿＿＿＿＿か？
私（わたし）は、うどん＿＿＿＿＿＿＿。
私（わたし）は、カレー＿＿＿＿＿＿＿。

何（なに）を食（た）べるか、質問（しつもん）したり答（こた）えたりするとき、どう言（い）っていましたか。 ➡ 文法（ぶんぽう）ノート❷
वक्ताहरूले के खाने भनेर सोध्ने र उत्तर दिने बेला कुन अभिव्यक्तिको प्रयोग गरे?

（2）形（かたち）に注目（ちゅうもく）して、会話（かいわ）をもういちど聞（き）きましょう。 06-08
प्रयोग भएका अभिव्यक्तिमा केन्द्रित रही फेरि संवादहरू सुन्नुहोस्।

©The Japan Foundation

2 食堂で話しましょう。

क्यान्टिनमा कुरा गर्नुहोस्।

① メニューを決める मेन्यूको निर्णय गर्नुहोस् ।

何にしますか？

→ 私は、うどん にします。

② 席を探す सिट खोज्नु ।

ここ、いいですか？

あ、どうぞ。 / あ、すみません……。

③ 食べて感想を言う खाने र खाना सम्बन्धी आफ्नो धारणा दिने

うどん 、どうですか？

→ おいしいです。

（１）会話を聞きましょう。 06-10 ／ 06-11 ／ 06-12

संवादहरू सुन्नुहोस्।

（２）シャドーイングしましょう。 06-10 ／ 06-11 ／ 06-12

संवादहरू स्याडोइङ गर्नुहोस्।

（３）ほかの人といっしょに昼ご飯を食べるという設定で、ロールプレイをしましょう。
自分が食べたいものを自由に決めて話しましょう。

यो स्थितिमा रोलप्ले गर्नुहोस्। तपाईं कसैसँग दिउँसोको खाना खाइरहनुभएको छ। स्वतन्त्र रूपमा तपाईंले खान चाहेको कुरा निर्णय गर्नुहोस् र त्यसबारे कुरा गर्नुहोस्।

©The Japan Foundation

4. 枝豆2つください

can-do 24
飲食店で、料理を注文したり、お皿やグラスなど、ほしいものを頼んだりすることができる。
तपाईंले रेस्टुरेन्टमा खानेकुरा अर्डर गर्न र प्लेट अथवा गिलास आदि माग्न सक्नुहुन्छ।

1 ことばの準備

शब्दहरूको तयारी गर्नुहोस्।

【居酒屋のメニュー इजाकायाको मेन्यू】

a. 刺身



b. 唐揚げ



c. 焼き鳥



d. 枝豆



e. 生ビール

f. ウーロン茶

©The Japan Foundation

（１）絵を見ながら聞きましょう。 06-13
चित्रहरू हेर्दै सुन्नुहोस्।

（２）聞いて言いましょう。 06-13
सुन्नुहोस् र शब्दहरू दोहोऱ्याएर भन्नुहोस्।

（３）聞いて、a-f から選びましょう。 06-14
सुन्नुहोस् र a–f बाट छनोट गर्नुहोस्।

2 会話を聞きましょう。
संवादहरू सुन्नुहोस्।

► ロバートさんとアグネスさんは、友だちと居酒屋に来ています。
रोबर्ट-सान र अग्नेस-सान साथीहरूसँग इजाकाया मा आएका छन्।



（１）はじめに、スクリプトを見ないで会話を聞きましょう。 06-15
何を注文しましたか。 1 の a-f から選びましょう。
सुरुमा स्क्रिप्ट नहेरी संवादहरू सुन्नुहोस्। तिनीहरूले के अर्डर गरे? 1 a–f बाट छनोट गर्नुहोस्।

（　　　，　　　，　　　，　　　）

（２）スクリプトを見ながら聞きましょう。 06-15
あとから何を頼みましたか。メモしましょう。
फेरि संवादहरू सुन्नुहोस्। यस पटक स्क्रिप्ट हेर्दै सुन्नुहोस्। अर्डर गरिसके पछि तिनीहरूले के अनुरोध गरे? नोट टिप्नुहोस्।

（　　　　　　　　）（　　　　　　　　）

©The Japan Foundation

（3）スクリプトを見（み）ながら、もういちど聞（き）きましょう。 06-15

生（なま）ビール、ウーロン茶（ちゃ）、枝豆（えだまめ）は、それぞれいくつ頼（たの）みましたか。スクリプトに線（せん）を引（ひ）きましょう。

स्क्रिप्ट हेर्दै फेरि संवादहरू सुन्नुहोस्। तिनीहरूले कति वटा ड्राफ्ट बियर, उलोंग चिया र एदामामे (उसिनेको हरियो भटमास) अर्डर गरे? स्क्रिप्टमा धर्को तान्नुहोस्।

ロバート：すみません。
店員（てんいん）：はーい。
ロバート：えーと、生（なま）ビール３つ（みっつ）と、ウーロン茶（ちゃ）１つ（ひとつ）。
あと、唐揚（からあ）げ、お願（ねが）いします。
店員（てんいん）：はい。
アグネス：すみません。あと、枝豆（えだまめ）２つ（ふたつ）、ください。
店員（てんいん）：ありがとうございます。

ロバート：すみません。
店員（てんいん）：はーい。
ロバート：お水（みず）、ください。
あと、マヨネーズ、ありますか？
店員（てんいん）：はい、お持（も）ちします。

すみません
माफ गर्नुहोस्।
人（ひと）に話（はな）しかけるときの表現（ひょうげん）
(कसैसँग कुरा गर्न चाहेको बेला वक्ताले प्रयोग गर्ने अभिव्यक्ति)

お持（も）ちします
म लिएर आउँछु।
店員（てんいん）が使（つか）う丁寧（ていねい）な表現（ひょうげん）
कर्मचारीले प्रयोग गर्ने विनम्र अभिव्यक्ति

あと अनि ... पनि ｜ マヨネーズ मेयोनेज

©The Japan Foundation

形に注目

（1）音声を聞いて、＿＿＿＿＿にことばを書きましょう。 06-16
रेकर्डिङ सुनी खाली ठाउँ भर्नुहोस्।

生ビール＿＿＿＿＿と、ウーロン茶＿＿＿＿＿（お願いします）。
枝豆＿＿＿＿＿、ください。

マヨネーズ、＿＿＿＿＿＿＿か？

❗ 注文するとき、数をどう言っていましたか。 ➡ 文法ノート❸
वक्ताहरूले अर्डर गर्दा कसरी अङ्कहरू भने?

❗ マヨネーズがほしいとき、どう言っていましたか。 ➡ 文法ノート❹
वक्ताले के भनेर मेयोनेज मागे?

（2）形に注目して、会話をもういちど聞きましょう。 06-15
प्रयोग भएका अभिव्यक्तिमा केन्द्रित रही फेरि संवादहरू सुन्नुहोस्।

（3）聞いて言いましょう。 06-17
सुन्नुहोस् र दोहोऱ्याएर भन्नुहोस्।

【ものを数える गन्ने 】

1つ	ひとつ
2つ	ふたつ
3つ	みっつ
4つ	よっつ
5つ	いつつ

6つ	むっつ
7つ	ななつ
8つ	やっつ
9つ	ここのつ
？	いくつ

©The Japan Foundation

3 居酒屋(いざかや)やレストランで注文(ちゅうもん)しましょう。

इजाकाया अथवा रेस्टुरेन्टमा अर्डर गर्नुहोस्।

① 注文(ちゅうもん)する अर्डर

すみません。

はい。

生(なま)ビール 3つ(みっつ) と、**ウーロン茶(ちゃ) 1つ(ひとつ)**、お願(ねが)いします。

はい。

あと、**唐揚(からあ)げ**、お願(ねが)いします。

② 頼(たの)む अनुरोध

すみません。

はい。

マヨネーズ、ありますか?

お水(みず)、ください。

はい、お持(も)ちします。

ケチャップ केचअप
スプーン चम्चा

おしぼり भिजेको रुमाल।
取(と)り皿(ざら) सानो प्लेट
グラス गिलास
(お)はし चपस्टिक

(1) 会話(かいわ)を聞(き)きましょう。 06-18 ／ 06-19 06-20

संवादहरू सुन्नुहोस्।

(2) シャドーイングしましょう。 06-18 ／ 06-19 06-20

संवादहरू स्याडोइङ गर्नुहोस्।

(3) 居酒屋(いざかや)などで注文(ちゅうもん)するロールプレイをしましょう。

インターネットにある、日本(にほん)の居酒屋(いざかや)やレストランのメニューを見(み)ながら、自分(じぶん)が食(た)べたいもの、飲(の)みたいものを注文(ちゅうもん)しましょう。また、注文以外(ちゅうもんいがい)で、店員(てんいん)に何(なに)か頼(たの)みたいものがあれば、伝(つた)えましょう。

इजाकाया अथवा रेस्टुरेन्टमा अर्डर गर्ने बेलाको रोलप्ले गर्नुहोस्। इन्टरनेटमा एउटा जापानी *इजाकाया* अथवा रेस्टुरेन्टको मेन्यू हेर्नुहोस् र तपाईंले खान र पिउन चाहने कुरा अर्डर गर्नुहोस्। अर्डरका साथै कर्मचारीलाई केही अनुरोध गर्न चाहने कुरा भएमा, त्यो कुरा पनि भन्नुहोस्।

©The Japan Foundation

5. 飲食店の看板

can-do 25
飲食店の看板を見て、何の店かがわかる。
तपाईँले विभिन्न रेस्टुरेन्टहरूको साइनबोर्डहरू हेरेर, केको रेस्टुरेन्ट हो भन्ने कुरा बुझ्न सक्नुहुन्छ।

1 看板を読みましょう。

साइनबोर्ड पढ्नुहोस्।

► ご飯を食べる店を探しています。
तपाईं खाना खाने ठाउँ खोजिरहनुभएको छ।

①-⑥は、何の店だと思いますか。
①–⑥ मा कस्तो प्रकारका रेस्टुरेन्टहरू छन्?

①

②

③

④

⑤

⑥

大切なことば

居酒屋（いざかや） *इजाकाया* (जापानी बार)

2 どの店に入りたいですか。

तपाईं कुन रेस्टुरेन्टमा जान चाहनुहुन्छ?

©The Japan Foundation

聴解(ちょうかい)スクリプト

2. こちらでおめしあがりですか？

① 06-01

店員(てんいん)：いらっしゃいませ。おうかがいします。
客(きゃく)：ホットコーヒー、お願(ねが)いします。
店員(てんいん)：ホットコーヒーですね。サイズは……。
客(きゃく)：S(エス)サイズ、お願(ねが)いします。
店員(てんいん)：こちらでおめしあがりですか？
客(きゃく)：はい。

② 06-02

店員(てんいん)：いらっしゃいませ。おうかがいします。
客(きゃく)：えー、チーズバーガーと、てりやきバーガーと、
フィッシュバーガー、ください。
店員(てんいん)：こちらでおめしあがりですか？
客(きゃく)：いえ、テイクアウトで。
店員(てんいん)：お持(も)ち帰(かえ)りですね。ありがとうございます。

③ 06-03

店員(てんいん)：いらっしゃいませ。おうかがいします。
客(きゃく)：はい。えーと、これ、ください。
店員(てんいん)：チキンバーガーのセットですね。
ドリンクは、何(なに)になさいますか？
客(きゃく)：じゃあ、ウーロン茶(ちゃ)、お願(ねが)いします。
店員(てんいん)：こちらでおめしあがりですか？
客(きゃく)：はい。ここで。

©The Japan Foundation

漢字のことば

1 読んで、意味を確認しましょう。
तलको खान्जी पढ्नुहोस् र अर्थ निश्चय गर्नुहोस्।

魚（さかな）	魚	魚	魚
肉（にく）	肉	肉	肉
好き（な）（す）	好き	好き	好き

2 ＿＿＿の漢字に注意して読みましょう。
＿＿＿को खान्जीलाई ध्यान दिएर पढ्नुहोस्।

① A：何（なに）にしますか？
B：私（わたし）は、肉にします。

② A：魚、どうですか？
B：おいしいです。

③ ビールが好きです。

3 上（うえ）の＿＿＿のことばを、キーボードやスマートフォンで入力（にゅうりょく）しましょう。
किबोर्डमा अथवा स्मार्टफोनमा माथिको ＿＿＿ का शब्दहरू टाइप गर्नुहोस्।

©The Japan Foundation

文法(ぶんぽう)ノート

❶

N、	お願(ねが)いします
	ください

ホットコーヒー、お願(ねが)いします。
तातो कफी दिनुहोस्।

これ、ください。
मलाई यो दिनुहोस्।

- यी अभिव्यक्तिहरू कुनै कुरा अर्डर गर्नको लागि प्रयोग गरिन्छ।
- आफूले चाहेको कुरा भन्नुहोस् र त्यसपछि ください (दिनुहोस्) अथवा त्यसपछि お願(ねが)いします (कृपया दिनुहोस्) थप्नुहोस्।
- किनभने お願(ねが)いします भनेको आफ्नो लागि कसैलाई केही कुरा गरिदिन अनुरोध गर्ने तरिका हो र यो ください भन्दा पनि नम्र शब्द हो।

- 注文するときの言い方です。
- ほしいものを言って、そのあとに「ください」、または「お願いします」をつけます。
- 「お願いします」は相手に頼むときの言い方なので、「ください」よりも丁寧です。

[例(れい)] उदाहरण

► 店員(てんいん)：ご注文(ちゅうもん)は？
कर्मचारी: तपाईँको अर्डर के हो?
客(きゃく)：ハンバーガーとコーラ、ください。
ग्राहक : मलाई ह्यामबर्गर र कोक दिनुहोस्।

► 客(きゃく)：コーヒー、お願(ねが)いします。
ग्राहक : मलाई कफी दिनुहोस्।
店員(てんいん)：ホットですか？　アイスですか？
कर्मचारी: तातो कफी कि आइस कफी?
客(きゃく)：アイス、お願(ねが)いします。
ग्राहक : आइस कफी पाउँ ।
店員(てんいん)：サイズは？
कर्मचारी: कुन साइज?
客(きゃく)：Ｌ(エル)、お願(ねが)いします。
ग्राहक : लार्ज साइजको दिनुहोस्।

©The Japan Foundation

❷ Nにします

私(わたし)は、うどんにします。
म उदोन अर्डर गर्छु / म उदोन खान्छु।

– यो अभिव्यक्ति तपाईंले निर्णय गरिसकेको कुरा भन्नको लागि प्रयोग गरिन्छ। यस पाठमा के खाने भन्ने प्रश्नको उत्तर दिनको लागि यस्तो अभिव्यक्ति प्रयोग गरिएको छ।
– します भनेको する (गर्नु) क्रियाको マス-रूप हो। ～にします बनाउनको लागि अव्यय に थपेर निर्णय व्यक्त गरिन्छ।
– कसैलाई के अर्डर गर्नुहुन्छ भनेर सोध्ने बेला, प्रश्नवाचक 何(なに) (के) र か？ प्रयोग गरेर सोध्नुहोस्।

- 何かを決めたときの言い方です。この課では、何を食べるか、質問したり答えたりするときに使っています。
- 「します」は動詞「する」のマス形で、助詞「に」をつけて「～にします」の形で、決めたものを表します。
- 何にするか質問するときは、疑問詞「何」と「か?」を使ってたずねます。

[例(れい)] उदाहरण ► A：何(なに)にしますか?
तपाईं के चाहनुहुन्छ?
B：私(わたし)は、カレーにします。
म करी चाहन्छु।
A：飲(の)み物(もの)は?
अनि ड्रिन्क्स?
B：アイスコーヒーにします。
म आइस कफी चाहन्छु।

❸ N、【सङ्ख्या 数(かず)】 お願(ねが)いします / ください

生(なま)ビール3(みっ)つと、ウーロン茶(ちゃ)1(ひと)つ、お願(ねが)いします。
मलाई तीन वटा ड्राफ्ट बियर र एउटा उलोंग चिया दिनुहोस्।

枝豆(えだまめ)2(ふた)つ、ください。
दुई वटा *एदामामे* दिनुहोस्।

– यी अभिव्यक्तिहरू कुनै कुराको निश्चित सङ्ख्या अर्डर गर्नको लागि प्रयोग गरिन्छ।
– परिकार जस्ता कुनै कुरा गन्नको लागि 1(いち)、2(に)... नभईकन अर्डर गरेको कुरा भनेपछि 1(ひと)つ、2(ふた)つ...
– प्रयोग गर्नुहोस्। 2(ふた)つコーヒー、お願(ねが)いします नभन्नुहोस्। コーヒー2(ふた)つ、お願(ねが)いします , भनेर भन्नुहोस्।

- 数を言って注文するときの言い方です。
- 料理など、ものを数えるときは「1、2…」ではなく、「1つ、2つ…」を使います。
- 数は、もののあとに言います。「2つコーヒー、お願いします。」ではなく、「コーヒー2つ、お願いします。」となります。

©The Japan Foundation

[例(れい)] ► 客(きゃく)：すみません。コーヒー4(よっ)つ、ください。
उदाहरण
ग्राहक : माफ गर्नुहोस्। हामीलाई चार वटा कफी दिनुहोस्।
店員(てんいん)：ホットにしますか？　アイスにしますか？
कर्मचारी: तपाईं तातो कफी चाहनुहुन्छ कि आइस कफी?
客(きゃく)：ホットコーヒー3(みっ)つ、アイスコーヒー1(ひと)つ、お願(ねが)いします。
हामी तीन वटा तातो कफी र एउटा आइस कफी चाहन्छौं।

❹ **N（は） ありますか？**

マヨネーズ、ありますか？
मेयोनेज छ?

– यो अभिव्यक्ति केही कुराबारे सोध्नको लागि प्रयोग गरिन्छ। यस पाठमा रेस्टुरेन्टमा कुनै निश्चित कुरा अनुरोध गर्नको लागि यस्तो अभिव्यक्ति प्रयोग गरिएको छ।

– あります भनेको ある (हुनु) क्रियाको マス-रूप हो र यसले कुनै वस्तु भएको कुरालाई जनाउँछ। तपाईंले चाहेको कुरामा अव्यय は थपेर ～はありますか？ भनेर सोध्नुहोस्। ((तपाईंसँग) ～छ?). अव्यय はनभने पनि हुन्छ।

- あるかどうか質問するときの言い方です。この課では、レストランでほしいものがあって、それを頼むときに使っています。
- 「あります」は動詞「ある」のマス形で、存在を表します。ほしいものを話題（トピック）にして、助詞「は」をつけて、「～はありますか?」とたずねます。助詞「は」は省略してもかまいません。

[例(れい)] ► 客(きゃく)：すみません。
उदाहरण
ग्राहक : माफ गर्नुहोस्।
店員(てんいん)：はい。
कर्मचारी: हजुर।
客(きゃく)：取(と)り皿(ざら)、ありますか？
सानो प्लेट छ?
店員(てんいん)：はい、お持(も)ちします。
हजुर, छ। म लिएर आउँछु।

©The Japan Foundation

日本の生活 TIPS

日本のハンバーガー店 जापानी बर्गर रेस्टुरेन्टहरू

जापानमा बर्गरहरू पनि एउटा लोकप्रिय खानेकुरा हो। म्याकडोनल्ड्स र बर्गर किङ्स जस्ता अन्तर्राष्ट्रिय चेनहरूका साथसाथै जापानमा मोस बर्गर र फ्रेसनेस बर्गर जस्ता जापानका आफ्नै चेन रेस्टुरेन्टहरू पनि छन्।

जापानी बर्गर रेस्टुरेन्टहरूमा चीज बर्गर र फिस बर्गर जस्ता क्लासिक (पहिलेदेखि चल्दै आएका) बर्गरहरूका साथै तेरियाकी बर्गर, चुकिमी बर्गर (फ्राइड् अण्डा टपिङ गरिएको हुन्छ), चिकेन ताचुता (जापानी शैलीको फ्राइड् चिकेन) र राइस बर्गर जस्ता आफ्नै मौलिक बर्गरहरू पनि पाइन्छन्। ओकिनावाको बर्गर रेस्टुरेन्टहरूमा तिते करेला बर्गर जस्ता ओकिनावाको आफ्नै मौलिक बर्गरहरू पनि पाइन्छ। जापानी बर्गर रेस्टुरेन्टहरूमा जापानको आफ्नै स्वादहरू चाख्न रमाइलो हुन सक्छ।

राइस बर्गर
ライスバーガー

日本でも、ハンバーガーはポピュラーな食べ物です。マクドナルドやバーガーキングなど、外国からのチェーン店だけでなく、モスバーガーやフレッシュネスバーガーのような、日本独自のチェーン店もあります。

日本のハンバーガー店では、チーズバーガーやフィッシュバーガーなどの定番メニューに加えて、「てりやきバーガー」「月見バーガー」「チキンタツタ」「ライスバーガー」など日本独自のメニューを提供しています。沖縄のハンバーガー店では、「ゴーヤーバーガー」のような地域独自のメニューもあります。日本のハンバーガー店で、日本独自の味を見つけてみるのもおもしろいでしょう。

食券 मिल टिकट

मुख्य पाठमा मान्छेहरू मिल टिकटको भेन्डिङ मेसिन अगाडि उभिएर आफ्नो खानेकुरा चयन गरिरहेको संवाद थियो। जापानमा धेरै कर्मचारी क्यान्टिन र रेस्टुरेन्टहरूमा मिल टिकट सिस्टम प्रयोग गरिन्छ। यो सिस्टममा सुरुमा तपाईंले भेन्डिङ मेसिनबाट आफूले खान चाहेको खानेकुराको टिकट किन्नुपर्छ। मिल टिकट कसरी प्रयोग गर्ने भनेर तल देखाइएको छ।

本文には、食券の券売機の前でメニューを選ぶ会話がありました。日本の社員食堂や飲食店には、食券のシステムを採用しているところが多くあります。食券は、はじめに注文したい食べ物のチケットを自動券売機で買うシステムです。食券の利用手順は、以下のようになります。

1. सुरुमा मिल टिकटको भेन्डिङ मेसिन भएको ठाउँमा जानुहोस्। यो प्रायः जस्तो रेस्टुरेन्ट बाहिर अथवा रेस्टुरेन्टमा भित्र पस्ने ढोका नजिक हुन्छ।

   店の外、または、店に入ってすぐのところにある、食券の自動券売機に行きます。

2. पैसा छिराउनुहोस् र आफूले अर्डर गर्न चाहेको खानेकुराको बटनमा थिच्नुहोस्। मेसिनबाट निस्किने मिल टिकट लिनुहोस्।

   券売機にお金を入れて、ほしいメニューのボタンを押します。出てきた食券を取ります。

3. त्यसपछि おつり (फिर्ता पैसा सङ्कलन) बटनमा थिच्नुहोस् (कहिलेकाहीँ बटनको सट्टामा लिभर हुन सक्छ)। मेसिनबाट तपाईंको फिर्ता पैसा निस्किन्छ।

   「おつり」ボタンを押すと（レバー式の場合もあります）、おつりが返ってきます。

तपाईंले आफ्नो मिल टिकट किनेपछि खानेकुरा लिने दुई वटा तरिकाहरू छन्। यो पसल अनुसार फरक हुने गर्छ।

食券を買ったあとは、２つの方法があります。店によって違います。

©The Japan Foundation

4. काउन्टरमा आफ्नो मिल टिकट देखाउनुहोस्।
   カウンターに食券を出します。

5. काउन्टरमा आफ्नो खाना लिएपछि सिटमा बस्नुहोस् र खाना खानुहोस्।
   カウンターで商品を受け取ってから、席に座って食べます。

अथवा,
または、

4. सिटमा बस्नुहोस्। रेस्टुरेन्टको कर्मचारी तपाईंको टेबलमा आएपछि आफ्नो मिल टिकट दिनुहोस्।
   席に座ります。店員が来るので、店員に食券を渡します。

5. रेस्टुरेन्टको कर्मचारीले तपाईंको खाना लिएर आउँछ। खाना आएपछि खाना खानुहोस्।
   店員が商品を運んでくるので、受け取って食べます。

